जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १०२ २०८० साल मंसिर २ गते शनिबार (18 Nov. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ५५ लाख २५ हजार करदाताले ... ३ पृष्ठमा : डा ओम फाउन्डेन्सनद्वारा... ३ पृष्ठमा : अस्पताल परिसरमा हमासको ...

# विश्व राजनीति अर्थशास्त्रको भरमा चलेको छ : सभामुख मण्डल




**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले अहिलेको विश्व राजनीति अर्थशास्त्रको भरमा चलेको बताएका छन् ।

तिहार र छठ पर्वको अवसरमा शुक्रबार डिक्का बौद्धिक समाज सप्तरी राजविराजद्वारा आयोजना गरिएको शुभकामना आदान प्रदान तथा सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको आसन्नबाट सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले कुनै पनि जातजाती, समुदाय र राष्ट्रको उत्थानका लागि राजनीतिक र अर्थशास्त्र महत्वपूर्ण विषय भएको बताए । उनले भने, यो दुबै बिना कुनै पनि जातजाती, समुदाय, समाज र राष्ट्रको विकास सम्भव छैन् ।"

सम्बोधनकै क्रममा उनले सबल अर्थतन्त्र र सबल राजनीतिका कारण विश्वमै बलियो राष्ट्र मध्येका एक मानिएको उत्तर कोरियाको उदाहरण दिँदै भने, "उत्तर कोरिया अहिले विभिन्न ५२ वटा राष्ट्रबाट नाकाबन्दीको सामना गरिरहे पनि त्यहाको राजनीति र अर्थतन्त्र दुबै सबल हुँदा कुनै फरक परेको छैन् ।"

कार्यक्रममा शुभकामना दिँदै मधेशी नागरिक समाजका केन्द्रिय संयोजक गणेश कुमार मण्डलले मधेश प्रदेशमा सुशासन कायम गर्न डिक्का समुदायका व्यक्तिलाई नेतृत्वको जिम्मेवारी दिनु पर्नेमा जोड दिए । ठूला दल भनाउँदाले उनीहरुलाई व्यक्तिगत स्वार्थका लागि मात्र प्रयोग गर्ने र अवसरबाट बञ्चित गराउने गरेको उनले आरोप समेत लगाए ।

डिक्का बौद्धिक समाज सप्तरी राजविराजका अध्यक्ष कृष्णा मण्डलको अध्यक्षतमा आयोजित कार्यक्रममा पूर्वसांसद रानी मण्डल, पूर्वसांसद तथा माओवादी केन्द्रका केन्द्रिय सदस्य अशोक कुमार मण्डल, नेपाली काँग्रेस सप्तरीका सचिव सनत मण्डल, लोसपाका केन्द्रिय नेता गजेन्द्र मण्डल, जसपाका राजनीतिक समिति सदस्य अमरनाथ मण्डल, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डल, महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल मण्डल, डिक्का संघ सप्तरीका अध्यक्ष राजेश राय लगायतले पनि शुभकामना दिएका थिए ।

कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका डिक्का समुदायका व्यक्तित्वहरुलाई प्रमुख अतिथि सभामुख मण्डलले दोसल्ला र कदरपत्रबाट सम्मान गरेका थिए ।

# टिकटक प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध दश रिट

काठमाडौं, १ मंसिर (रासस) ।
नेपालमा टिकटक प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा १० वटा रिट निवेदन दायर भएका छन् ।

मन्त्रिपरिषद्को गत कात्तिक २७ गतेको बैठकले सामाजिक सञ्जाल टिकटक प्रतिबन्ध लगाउने निर्णयविरुद्ध दायर गरिएको रिट निवदेन दायर गरिएको हो । रिट निवेदनमा सरकारको उक्त निर्णय खारेज गर्न माग गरिएको छ ।

सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार टिकटक प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध १० वटा रिट निवेदन परेका छन् भने उक्त विवादको सुनुवाइ यही मङ्सिर ४ गतेका लागि तय गरिएको छ ।

सरकारको उक्त निर्णयपछि नेपालका अधिकांश इन्टरनेट सेवा प्रदायकले टिकटक नचल्ने बनाएपछि उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेको हो ।

सरकारले सामाजिक सद्भावमा खलल पुगेको, सार्वजनिक शिष्टाचारविरुद्धका कसुर धेरै भएको, टिकटक कम्पनीले टिकटकबाट हुने अपराध न्यूनीकरण र दोषीमाथिको कारबाही प्रक्रियामा सहयोग नगरेको कारण देखाउँदै बन्द गर्ने निर्णय गरेको थियो ।

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर मा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण पाठक तथा ग्राहक वर्ग, शुभेच्छुक एवं जिल्लावासी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजविराज दैनिक
परिवार

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर मा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण नगर वासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

इर्साद अन्सारी
युवा नेता
नेपाली काँग्रेस

## सम्पादकीय

### मानवताको परिचय दिऔं

मानिक भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूवर्क गर्नुपर्छ। जति महिनेत गऱ्यो उति मानिस सबल हुँदै जान्छ। आर्थिक अवस्था भने उसको काम र महिनेतले नै निर्धारण गर्दछ। गरिब हुनु कुनै मानिसको दोष होइन्। जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन। व्यक्तिलाई धनका कारण होइन उसको सक्षमता र ब्यवहारले सम्मान गर्नु पर्छ।

अहिलेको परिवेशमा धनी व्यक्तिले गरिब व्यक्तिलाई हेला गर्ने प्रबृती बढ्दै गएको छ। हुन त धनी र गरिब छुट्याउने आधार धनलाई मान्ने गरिन्छ। तर यो मानवले नै निर्धारण गरेको एउटा आधार मात्र हो। मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो। तर, कसैलाई हेला गर्नु मानवता विपरित हो। गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ।

तसर्थ कसैलाई सहयोग गर्नु मानवताको धर्म भएकोले व्यवहार र सक्षमताका आधारमा उनीहरुप्रति सम्मन गर्नु आवश्यक छ। यसले नै असल मानवताको परिचय दिन्छ।

# ५५ लाख २५ हजार करदाताले लिए स्थायी लेखा नम्बर

काठमाडौँ, १ मंसिर (रासस)।

'स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन : सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन' भन्ने नाराका साथ राष्ट्रिय कर दिवस शुक्रबारदेखि सप्ताहव्यापी रुपमा मनाइने भएको छ।

आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयमा एक सातासम्म करदाता शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रम गर्ने र मङ्सिर ७ गते उत्कृष्ट करदातालाई सम्मानित गरिने जनाइएको छ। विभागअन्तर्गत एउटा ठूला करदाता कार्यालय, एउटा मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता सेवा कार्यालय गरी कूल ८४ वटा कार्यालय सञ्चालनमा रहेका छन्।

विभागका अनुसार गत आर्थिक वर्ष २०७९/८० सम्ममा व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताको सङ्ख्या ५५ लाख २५ हजार नौ सय १९ रहेको छ। जसमध्ये व्यावसायिक स्थायी लेखा नम्बर (बी-पान) लिएका करदाताको सङ्ख्या १८ लाख ७६ हजार तीन सय पाँच र व्यक्तिगत स्थायी लेखा नम्बर (पी-पान) लिने करदाताको सङ्ख्या ३६ लाख ४९ हजार छ सय १४ रहेको छ।

गत आर्थिक वर्ष २०७९/८० मा सरकारले कूल रु नौ खर्ब ५७ अर्ब बराबर राजस्व असुली गरेकोमा आन्तरिक राजस्व विभागबाट उठेको राजस्व मात्र रु चार खर्ब ७९ अर्ब बराबर थियो। जुन सरकारको कुल वार्षिक राजस्व असुलीको ५० दशमलव १२ प्रतिशत बराबर हो। गत आव सरकारले विभागलाई रु छ खर्ब २६ अर्ब ६१ करोड बराबर राजस्व असुलीको लक्ष्य दिएकोमा लक्ष्यको ७६ दशमलव ५७ प्रतिशत अर्थात् रु चार खर्ब ७९ अर्ब ७९ करोड बराबर राजस्व उठेको विभागले जनाएको छ। मुलुकको कूल गार्हस्थ्य उत्पादनमा आन्तरिक राजस्वको योगदान करिब २० प्रतिशत रहेको छ।

आन्तरिक राजस्वको शीर्षकगत असुलीको प्रतिशत हेर्दा सबैभन्दा बढी योगदान आयकरको रहेको छ। कूल आन्तरिक राजस्वमा आयकरको हिस्सा ४४ दशमलव ५२ प्रतिशत छ। मूल्य अभिवृद्धि कर (भ्याट) को योगदान २४ दशमलव ५० र अन्तःशुल्कको योगदान २१ दशमलव ६७ प्रतिशत रहेको छ। त्यस्तै, ब्याजदरको योगदान ६ दशमलव ६७ प्रतिशत, घरबहाल करको योगदान शून्य दशमलव ६४ प्रतिशत, स्वास्थ्य सेवा शूल्कको अंश एक दशमलव ४१ प्रतिशत र शिक्षा सेवा शूल्कको अंश शून्य दशमलव ४२ प्रतिशत रहेको छ।

गत आवमा कार्यालयगत राजस्व सङ्कलनको अवस्था हेर्दा ठूला करदाता कार्यालयको ३९ प्रतिशत देखिन्छ भने मध्यमस्तरीय करदाता कार्यालयको चार प्रतिशत रहेको छ। त्यस्तै, आन्तरिक राजस्व कार्यालयको ५३ प्रतिशत र करदाता सेवा कार्यालयको चार प्रतिशत रहेको विभागले जनाएको छ।

## साइबर क्राइम मुद्दामा एक किशोर पक्राउ

झापा, १ मंसिर (रासस)।

नक्कली फेसबुक आइडी बनाएर सामाजिक सञ्जाल दुरुपयोग गरेको आरोपमा झापा, कमल गाउँपालिका-१ का विनोद थापालाई प्रहरीले पक्राउ गरेको छ।

नक्कली फेसबुक आइडीमार्फत धेरै प्रकारका कानुन विपरीतका क्रियाकलाप पोष्ट गरेको भन्ने उजुरीका आधारमा तीन दिनअघि थापालाई पक्राउ गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्रप्रसाद रिजालले जानकारी दिनुभयो।

उहाँका अनुसार झिलझिले इलाका प्रहरी कार्यालयमा साइबर क्राइमसम्बन्धी मुद्दा परेका थापा कमल बाल सञ्जालका

*बाँकी तीन पृष्ठमा*

## राजबिराज नगरपालिका

१ नं.वडा कार्यालय

राजबिराज सप्तरी

मधेश प्रदेश नेपाल

प.स. २०८०/०८१

च.न. ४८८

मिती :- २०८०।०७।२४

विषय:- सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने सिता कुमारी यादवले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८०।०७।२४ गते मा द.न. को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने ब्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.१० हाल १ बस्ने राम किसुन यादव नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ८ | ४०५ | ०-१-०.७५ |
| सप्तरी | चनौरा पडरीया | ५ | ७७७ | ०-०-१४ |
| सप्तरी | चनौरा पडरीया | ५ | ७८९ | ०-१-७.५ |
| सप्तरी | चनौरा पडरीया | ५ | ९१७ | ०-५-१.५ |
| सप्तरी | चनौरा पडरीया | ५ | ९२४ | ०-०-१२.५ |

चन्द्र शेखर चौधरी

वडा अध्यक्ष

रा.बि.न.पा.वडा नं.-१

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# डा ओम फाउन्डेन्सनद्वारा निःशुल्क स्वास्थ्य शिविर

**दैनिक समाचारदाता**
**महोत्तरी, १ मंसिर ।**

डा ओम फाउन्डेन्सनले महोत्तरी जिल्लामा मुटुरोगसम्बन्धी बृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ।

जिल्लाको बलवा नगरपालिका १० धमौरामा स्वास्थ्य, शिक्षा र सामाजिक रूपान्तरणका क्षेत्रमा काम गर्ने उद्देश्यले मुटुरोग विशेषज्ञ डा ओम मूर्ति अनिलद्वारा स्थापित सो फाउण्डेसनले स्वास्थ्य शिविरको आयोजना गरेको हो ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले उद्घाटन गरेको शिविरमा ४ सय २८ जनाको मुटुरोगसम्बन्धी ( इसिजी, इको, ब्लड सुगर, लिपिडलगायतका) परीक्षण गरिएको थियो ।

शिविमा इको दुई सय ४२ जना, इसिजी तीन सय २५ जना, सुगर तीन सय ४० जनाको जाँच गर्नुका साथै चार सयभन्दा बढी बिरामीलाई औषधि प्रदान गरिएको फाउण्डेसनले जनाएको छ।

फाउन्डेसनका संस्थापक अध्यक्ष डा अनिलको नेतृत्वमा काठमाडौँबाट गएका डा अभिषेककुमार यादव, डा पूजासिंह, डा ओम मूर्ति निखिल, गौरवसिंह, पार्वती भगत, सत्यम्कुमार गुप्ता, राजनकुमार गुप्तालायतका विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीसहित करिब ४० जना स्थानीय स्वास्थ्यकर्मी र स्वयंसेवक परिचालन गरी तीन दिनसम्म बिरामीको स्वास्थ्य जाँच गरिएको थियो ।

शिविर सञ्चालनकै क्रममा डा अनिललाई बलवा नगरपालिकाले अभिनन्दनसमेत गरेको थियो। चिकित्सा पेसामार्फत गरेको जनसेवा तथा आमनेपालीको स्वस्थ जीवनशैलीका निम्ति उहाँले सञ्चालन गर्दै आउनुभएको सचेतनामूलक अभियानले विश्व कीर्तिमान कायम गरेका सन्दर्भमा उहाँको गृहनगर बलवा नगरपालिकाले अभिनन्दन गरेको हो ।

सो अवसरमा डा अनिलले आगामी दिनमा देशका विभिन्न जिल्लाका ग्रामीण तथा दूरदराजमा रहेका जनताको सेवाका निम्ति रचनात्मक कार्य गर्ने र आफूले लेखेको पुस्तक 'जीवन्त सम्बन्ध'को बिक्रीबाट प्राप्त हुने रकम फाउन्डेसनमार्फत असहाय वृद्धवृद्धाका निम्ति खर्च गर्ने बताए ।

फाउन्डेसनमार्फत काठमाडौँको वसुन्धारास्थित केन्द्रीय कार्यालयबाट निःशुल्क टेलिमेडिसिनको सेवा प्रवाह गर्दै आएको छ। हालसम्म वैदेशिक रोजगारीमा रहेका र स्वास्थ्य संस्थाको पहुँचभन्दा टाढा रहेका करिब तीन सय जनाले निःशुल्क टेलिमेडिसिनको सेवा प्राप्त गरिसकेका छन् ।

### *साइबर क्राइम ...*

अध्यक्षसमेत रहेका बताइएको छ। उनको नक्कली फेसबुक आइडीका विषयमा प्रहरीले विस्तृत जानकारी भने दिएको छैन ।

यसैबीच जुवा खेलिरहेको अवस्थामा झापाको गौरादहबाट नगद, तास कौडसहित १५ जुवाडे पक्राउ परेका छन्। गौरादह-३ बस्ने युवराज खड्काको घरमा जुवा खेलिरहेको सुराकीका सूचनाका आधारमा शुक्रबार बिहान ३ बजे दमक र गौरादह इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जुवा खेलिरहेको अवस्थामा जुवाको खालबाट रु एक लाख ३५ हजार नौ सय २०, १६ थान कौडा, तीन बुक तासससहित १५ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ परेका सबैलाई दमक इलाका प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक रिजालले बताउनुभयो ।

---

**राजबिराज नगरपालिका**
**१ नं.वडा कार्यालय**
**राजबिराज,सप्तरी**
**मधेश प्रदेश,नेपाल**

प.स. २०८०/०८१
च.न. ४६०

मिती :- २०८०।७।२४

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने बसमतिया चौधरीले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८०।७।२४ गते मा द.न. को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.१० हाल १ बस्ने राम किसुन यादव नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | धनौरा पडरीया | ४ | ३१: | ०-२-१ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१

---

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**

---

## विश्व समाचार

### अस्पताल परिसरमा हमासको आतंकवादी सुरुङ पत्ता लाग्यो : इजराइली सेना

तेल अविव (इजराइल), १ मङ्सिर (रासस/एएनआई) ।

इजराइली प्रतिरक्षा फौज (आइडिएफ) ले गाजास्थित शिफा अस्पताल परिसरमा हमासको आतङ्कवादी सुरुङ पत्ता लागेको बताएको छ। आइडिएफका अनुसार उसले रान्तिसी अस्पतालमा अर्को आतङ्कवादी सुरुङ फेला पारेको छ। त्यस्तै अल-कुद्स अस्पतालमा ठूलो परिमाणमा हतियार र गोलाबारुद्ध फेला परेको पनि उसले जनाएको छ।

सामाजिक सञ्जाल एक्समा साझा गरिएको पोस्टमा आइडिएफले भनेको छ, "गाजाको तीन सबैभन्दा ठूला अस्पतालमा हमासको शोषणको अर्को तहको पर्दाफास भएको छ, शिफा अस्पताल परिसरभित्र एउटा हमास आतङ्कवादी सुरुङ भेटियो ।" अर्को पोस्टमा उसले भनेको छ, "रान्तिसी अस्पतालभित्र आइडिएफ सैनिकहरूले अर्को एउटा आतङ्कवादी सुरु पत्ता लगाएका छन् ।"

आइडिएफका अनुसार सालदाग एसएफ एकाइ, सातौं ब्रिगेड र अतिरिक्त एसएफ एकाइहरूले शिफा अस्पतालभित्र हमासको सुरुङ पूर्वाधारको पर्दाफास गरेक हुन् । "उनीहरूले गत अक्टोबर ७ मा नरसंहारका लागि तयार गरिएको बुबी-ट्रयाप सवारी पनि पत्ता लगाएका छन्, उक्त सवारीमा ठूलो मात्रामा हतियार र गोलाबारुद थिए ।"

आइडिएफले अल-कुद्स अस्पतालभित्र हतियार र गोलाबारुदको तस्बिर एक्समा पोस्ट गर्दै भनेको छ, "अल-कुद्स अस्पतालभित्र ठूलो मात्रामा हतियार र गोलाबारुद फेला पर्‍यो, यी सबै पछिल्लो २४ घन्टामा भेटिएको थियो ।"

### शिखर सम्मेलनमा एसिया-प्रशान्त सहयोगीका लागि बाइडेन र सीबीच प्रतिस्पर्धा

सान फ्रान्सिस्को, १ मङ्सिर (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र उहाँका चिनियाँ समकक्षी सी जिनपिङले बिहीवार सान फ्रान्सिस्कोमा एक शिखर सम्मेलनमा एसिया-प्रशान्त सहयोगीहरूको मन जित्न प्रतिद्वन्द्वी प्रयास गर्नुभएको छ। दुई महाशक्तिबीचको तनाव कम गर्न दुवै नेताबीच भेट भएको एक दिनपछि उहाँहरूले त्यस्तो प्रयास गर्नुभएको हो ।

"हामी कतै जाँदैनौं", एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा यस क्षेत्रका २१ मुलुकका लागि अमेरिकी प्रतिबद्धताबारे आश्वस्त पार्ने प्रयास गर्दै सहभागीव्यापारिक नेताहरूलाई बाइडेनले भन्नुभयो । उहाँले सीसँग आफ्नो कुराकानीबाट क्षेत्रीय र वैश्विक लाभ हुने बताउनुभयो ।

दुवै नेता सैन्यदेखि सैन्य सम्बन्ध पुनःस्थापित गर्न सहमत हुनुभएको छ। राष्ट्रपति सीले फेन्टेनल औषधिका लागि चीनमा यसको उत्पादनलाई रोक्ने वाचा गर्नुभयो ।

"विश्वका दुई ठूला अर्थतन्त्रबीचको स्थिर सम्बन्ध ती दुई अर्थतन्त्रका लागि मात्र नभई विश्वका लागि राम्रो हुन्छ", बाइडेनले भन्नुभयो। यद्यपि तनाव कम भए पनि बाइडेनले एपेकका २१ मुलुकमध्ये धेरैका लागि बेइजिङको तुलनामा वासिङ्टन राम्रो सहयोगी हुने बताउनुभयो ।

सीले आफूलाई बुधबार 'किन हामी प्रशान्तमा यति व्यस्त छौं' भनेर प्रश्न गरेको उल्लेख गर्दै बाइडेनले भन्नुभयो, "मैले भनें, किनभने हामी प्रशान्त मुलुक हौं, हाम्रो कारणले यस क्षेत्रमा शान्ति र सुरक्षा भएको छ, यसले तपाईंलाई विकास गर्न अनुमति दिएको छ, उहाँ असहमत हुनुभएन ।"

क्यानाडाको तटबाट चिली, अस्ट्रेलिया, मलेसिया र रुससम्म फैलिएको विशाल गतिशील क्षेत्रमा प्रभाव हासिल गर्न चीन र अमेरिकाले प्रतिस्पर्धा गरिरहेका छन्। चीनले आफ्नो बेल्ट एन्ड रोड कार्यक्रममार्फत पूर्वाधार र ऋण उपलब्ध गराउँदै आएको छ। त्यसैगरी अमेरिकाले पनि व्यापार र अन्य सम्झौतामार्फत गठबन्धनलाई बलियो बनाउने प्रयास गरिरहेको छ।

### इजराइल-हमास युद्धका चुनौतीविरुद्ध एकजुट हुन मोदीको आग्रह

नयाँदिल्ली, १ मङ्सिर (रासस/एपी) ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार एक सयभन्दा बढी मुलुकको भर्चुअल सम्मेलन बोलाएर इजराइल-हमास युद्धका कारण बढ्दो चुनौतीको सामना गर्नका लागि एकजुट हुन विकासशील देशका नेताहरूलाई आग्रह गर्नुभएको छ ।

"यो समय ग्लोबल साउथ मुलुकहरू बृहत्तर विश्वव्यापी हितका लागि एकजुट हुनुपर्छ", विकासशील राष्ट्रहरूलाई उल्लेख गर्दै उहाँले भन्नुभयो । गत सेप्टेम्बर २० मा शीर्ष विश्व अर्थतन्त्रहरूको समूहको बैठकका क्रममा गरिएका निर्णयको पालना गर्न भ्वाइस अफ ग्लोबल साउथ शिखर सम्मेलन बोलाइएको हो। सेप्टेम्बरको बैठकमा नयाँदिल्लीले कूटनीतिक सफलता हासिल गरेको र यसमा अफ्रिकी सङ्घलाई एउटा सदस्यका रूपमा जोडिएको दाबी गरेको थियो ।

आफूलाई ग्लोबल साउथको नेताका रूपमा हेर्ने भारतले यी मुलुकहरूका लागि विश्वले महत्त्वपूर्ण मुद्दाहरूमा प्रगति गर्नुपर्ने बताएको छ। "हामी एक सयभन्दा बढी मुलुक भए पनि प्राथमिकता उस्तै छ", संसाधन दक्षता, गरिबी न्यूनीकरण र खाद्य सुरक्षासहित विकासशील मुलुकहरूका लागि महत्त्वपूर्ण मुद्दामा जोड दिँदै मोदीले भन्नुभयो, "भ्वाइस अफ ग्लोबल साउथ २१औं शताब्दीको सबैभन्दा अनौठो प्लेटफर्ममध्येको एक हो, भौगोलिक दृष्टिकोणले विश्वव्यापी दक्षिण सधैं अस्तित्वमा छ तर यसले पहिलोपटक आफ्नै आवाज प्राप्त गरेको छ ।"

जलवायु वित्त, विकासशील मुलुकहरूको कर्जा बोझ र दिगो विकासका लागि किफायती र समावेशी ऊर्जा परिवर्तन शिखर सम्मेलनको बन्द सत्रमा छलफल गरिने विषय रहेको भारतीय विदेश मन्त्रालयले बताएको छ ।

प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा इजराइल-हमास युद्धमा सर्वसाधारणको भएको मृत्युकोभर्त्सना गर्दै युद्धबाट नयाँ चुनौती आएको बताउनुभयो। "अक्टोबर ७ मा इजराइलमा भएको आतङ्कवादी हमलाको भारत निन्दा गर्दछ, हामीले पनि संयमता अपनाएका छौं, संवाद र कूटनीतिमा जोड दिएका छौं, हामी इजराइल र हमासबीचको सङ्घर्षमा सर्वसाधारणको भएको मृत्युको पनि घोर भर्त्सना गर्दछौं", उहाँले भन्नुभयो ।

# छठको व्रत विधि सुरु, आज खरना गरिदै

**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**

सूर्य उपासनाको महापर्व छठको तयारीमा सप्तरीवासी जुटेका छन् । पछिल्लो समय छठ सबै नेपालीको साझा पर्व बन्दै गएको छ । पर्वको प्रारम्भ बर्तालुले शुक्रबार 'नहाय-खाय' विधिबाट गरेका छन् ।

कात्तिक शुक्ल तृतीयाकै दिन बर्तालुले उसिना चामल, कोदो, मुसुरो, माछामासुसहित तामसी र राजसी भोजन परित्याग गरी 'अरबा-अरबाइन' विधि बिहीबार नै गरेका हुन् । निरामिष (सात्विक) भोजन सुरु गरेर तृतीयाकै दिन व्रतको तयारी थाल्ने परम्परा छ ।

अहिले जताततै सूर्यदेव र षष्ठी (छठी) देवीको महिमा गाइएका गीत गुञ्जदैछन् । छठ प्रारम्भसँगै धार्मिक महत्वका तलाउ र नदी परिसर बेहुलीझैँ सिङ्गारिएका छन् । पर्वमा महिला/पुरुष जसले व्रत गरे पनि हुने विधान (शास्त्रीय मत) भए पनि धेरैजसो घरको मुख्य महिलाले नै व्रत सङ्कल्प गर्ने गरेको पाइन्छ ।

शुक्रबार कात्तिक शुक्ल चौथीका दिन बर्तालुले पवित्र स्नान गरी व्रत सङ्कल्प गरेर चोखोनीतो खानेछन् । यो विधिलाई 'नहाय-खाय' भनिन्छ । यस पर्वले घर-घरमा व्यस्तता बढाएको छ । पूजा सामग्रीको जोरजाम र व्यवस्थापनमा सबै खटिएका छन् ।

श्रद्धा, निष्ठा र आत्मिक शुद्धीलाई अत्यन्त महत्व दिइने छठमा पूजा प्रसाद सामग्री ठकुवा ( गहुँको पिठो र सख्खर मिसाएर शुद्ध घ्यूमा बनाइने खास परिकार), भुसुवा (कसार) र अन्य मिष्ठान्न परिकार ढिकी, जाँतोमा कुटिएको र पिधिंएको चामल र गहुँको पिठोबाट नै पकाइने परम्परा छ । यी परिकार पकाउन चुल्हो पनि नयाँ प्रयोग गरिन्छ ।

पर्वमा सूर्यलाई अर्घ्य दिने र हात उठाउने समयमा ज्यामिर, बिमिरो, बोटसहित उखालिएको



अदुवा, बेसार र फुर्को (पातगुवो) सहितको उखु आवश्यक सामग्रीमा पर्ने हुँदा पर्वविशेषमा यी कृषि उपजले राम्रो बजार पाउने गरेका छन् ।

बिहीबार कात्तिक शुक्ल त्रितीयाका दिन 'अरबा-अरबाइन' र शुक्रबार (चौथी तिथि) 'नहाय-खाय' विधि गर्ने बर्तालुले शनिबार निराहार व्रत बसी राति सख्खरमा पकाइएको अरवा चामलको खिर कूलदेवता र छठीदेवीलाई चढाएर प्रसादस्वरुप खानेछन् । यो विधिलाई 'खरना' भनिन्छ ।

बर्तालुले षष्ठी तिथिका दिन निराहार व्रत बसेर साँझपख मनोरम घाट बनाइएको जलाशयमा पुगी कम्मरसम्म पानीमा चोबलिएर अस्ताउँदा सूर्यलाई अर्घ्य दिएर प्रसाद राखिएको डाली हातमा उठाइ सूर्यलाई देखाइन्छ । यो व्रत आइतबार सम्पन्न गरिने छ । यो विधिलाई 'सझुका अरख' वा 'सँझियाघाट' भनिन्छ । यसरी 'सझुका अरख' मा देखाइएको प्रसाद सामग्रीको डाली सप्तमीका दिन बिहानै उदाउँदा सूर्यलाई अर्घ्य दिएर देखाइएपछि छठ सम्पन्न हुने परम्परा छ । यसपालि छठको समापन सोमबार बिहान सूर्योदयसँगै गरिने छ ।


## मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**



## मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**



## मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**



## मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*